# मन्थन

पुस्तक समीक्षा

# जटिल समस्या टार्न सजिला नियम





पुस्तक : सिम्पल रूल्स : हाउ टु थ्राइभ इन ए कम्प्लेक्स वर्ल्ड
लेखक : डोनाल्ड सल र क्याथलिन आइजेनहार्ट
प्रकाशक : मेरिनर बुक्स, न्यूयोर्क, २०१५
पृष्ठ : २८०
मूल्य : ११.६१ $
ISBN : 978-0-544-70520-3


**समीक्षक : आश्रय दीक्षित**

हरेक दिन हाम्रासामु गर्नुपर्ने कामका ताँती लाग्छन्। सामाजिक सञ्जालको माध्यमबाट विश्वको हरेक कुनाका खबर तत्काल हाम्रो शयनकक्षमा आइपुग्छन्। यस्ता सूचना हल्लासरी हुन्छन्, ज्ञानका स्रोत बनिसकेका हुँदैनन्। हामीले व्यक्तिगत हिसाबले विभिन्न चुनौती भोग्ने गर्छौं, स्थिति अप्ठेरो देखिन्छ। समाधान के हो, कसरी खोज्ने? अझ सरकार, व्यापार, अध्ययन-अनुसन्धान, सेवा प्रदान गर्ने जिम्मा लिएका अगुवालाई आफ्नो तहमा चुनौती झेल्न गाह्रो हुन्छ, सन्दर्भ जटिल देखिन्छ, उचित निर्णय हुन सक्दैन।

नेपालकै उदाहरण लिऊँ, आर्थिक समृद्धि र सामाजिक विकास सबैको चाहना हो। सरकारी दस्तावेजहरूको परिकल्पना छ– केही वर्षपछि नेपाल मध्यम आय भएको मुलुक बन्नेछ। उद्देश्य तोक्नु सही हो, तर त्यहाँ पुग्ने बाटो के हो? विश्वका निर्धन मुलुकहरूमध्ये नेपाल एउटा हो र अस्तव्यस्तता हाम्रो वास्तविकता। भूकम्प गएको दुई वर्षभन्दा बढी भइसक्यो, पीडितहरू अझै टहरामा बस्न बाध्य छन्। राजधानी आउने बाटो हरेक वर्ष पहिरोले जर्जर हुन्छन्। यात्रु अप्ठेरोमा त पर्छन् नै राजधानीको आपूर्ति व्यवस्था समेत जोखिममा पर्छ। केही महीना अगाडि धूलोले काठमाडौंमा प्रदूषण ह्वात्तै बढेको थियो, पानी परेपछि धूलो केही घटेको छ। हिलो र पानी जम्नाले जतातातै कहालीलाग्दो स्थिति छ। जनताले पाउनुपर्ने सेवा नपाएका चुनौतीका चाङ छन्। विभिन्न स्तरमा प्रणालीको व्यवस्थापन हुनसकेको छैन।

डोनाल्ड सल र क्याथलिन आइजेनहार्ट आफ्नो पुस्तक *सिम्पल रूल्स : हाउ टु थ्राइभ इन ए कम्प्लेक्स वर्ल्ड* मा व्यवस्थापनको दृष्टिकोणबाट जटिल लाग्ने चुनौतीसँग जुध्न साधारण नियम वा विधि उपयोगी हुने प्रस्ताव गर्छन्। उनीहरूको प्रस्ताव हाम्रा लागि पनि उपयोगी हुन सक्छ, यदि हामी देश र जनताप्रति निरन्तर जवाफदेही र समर्पित रहने हो भने। आम मान्यता के छ भने जटिल परिस्थितिसित जुध्न त्यस्तै जटिल र झन्झटिलो नियम आवश्यक पर्छ। तर लेखकद्वय भन्छन्, 'त्यसो हुनु जरूरी छैन।'

जटिल परिस्थितिले सिर्जना गरेका चुनौती सामान्य विधिबाट समाधान गर्न सकिन्छ भन्ने तर्क; झट्ट सुन्दा अमिल्दो लाग्न सक्छ। तर सजिलो विधि भन्नुको अर्थ अर्थहीन विधि होइन। सजिलो र प्रभावकारी विधि त त्यो हो जुन बुझ्न, सम्झन र व्यवहारमा उतार्न पनि सजिलो हुन्छ। सजिलो नियमले हाम्रो ध्यान समाधानको बाटोतर्फ लैजान्छ, त्यसले सूचना छुटचाउन र बुझ्न पनि सजिलो पारिदिन्छ।

सजिला नियम प्रयोग गरेर आफ्नो उद्देश्य प्राप्त गर्न सफल भएको एउटा उदाहरण जेजुइटहरू हुन्। १६औं शताब्दीमा जेजुइटहरूले आफ्नो प्रभाव विस्तार गर्न तीनवटा नियम बनाए। तीमध्ये दुइटा नियम थिए, यात्रामा निस्कने र शिक्षा प्रदान गर्न स्कूल निर्माण गर्ने। तेस्रो नियमले चाहिं जेजुइटहरूलाई क्याथोलिक चर्चका पादरीले जस्तो हरेक दिन प्रार्थना गर्नुपर्ने दायित्वबाट मुक्त गऱ्यो। यसरी नियमले जेजुइटहरूलाई लचिलो र परिस्थिति अनुरूप अनुकूल रहन सहयोग गऱ्यो। फलस्वरूप उनीहरूले दिन दुगुना रात चौगुना विश्वमा आफ्नो प्रभाव बढाए।

लेखकद्वय भन्छन्, 'हरेक व्यक्तिको ध्यान आफूले भोगेको सबैभन्दा महत्त्वपूर्ण चुनौती समाधान गर्न केन्द्रित हुन्छ।' उनीहरू थप्छन्, 'साधारण नियम अनुसरण गर्दा अनावश्यक सूचनाले निर्णयलाई प्रभावित गर्न पाउँदैन। बरु सजिलो नियमले एउटा समुदायको सामूहिक व्यवहार तय गर्न र सदस्यहरूलाई एक-अर्काको अनुगमन गर्न सहयोग गर्छ।' यस प्रसंगमा विश्वका नाम चलेका शेफहरूको समुदाय एउटा गतिलो उदाहरण हो। शेफहरूको विश्वमा खानेकुराको पेटेन्ट हुँदैन। तर यो समुदाय पनि एउटा नलेखिएको नियम भने मान्ने गर्छ। एउटा शेफले प्रयोग गरेको परिकार वा सो तयार गर्ने तरिका एवं सामग्री उक्त शेफलाई जस नदिई या उल्लेख नगरी अर्कोले प्रयोग गर्दैन।

नलेखिएको भए पनि यो नियम अनिवार्य कार्यान्वयन हुन्छ। एउटा शेफको परिकार अर्कोले नियम विपरीत प्रयोग गऱ्यो भने शेफहरूको समुदायले उसलाई चेतावनी दिन्छ। नियम सजिलो छ, कार्यान्वयन व्यावहारिक पनि। यस्तो नियमले शेफ समुदायका सदस्यलाई आफ्नो कार्यप्रति समर्पित र सिर्जनात्मक रहन प्रेरणा दिन्छ।

केही सिद्धान्तको आधारमा सजिलो नियम बनाउन सकिन्छ। पुस्तकका लेखकद्वय निर्णय प्रक्रियाबाट शुरू गर्न सुझाव दिन्छन्।


**जटिल परिस्थितिले सिर्जना गरेका चुनौती सामान्य विधिबाट समाधान गर्न सकिन्छ भन्ने तर्क झट्ट सुन्दा अमिल्दो लाग्न सक्छ। तर सजिलो विधि भन्नुको अर्थ अर्थहीन विधि होइन। सजिलो र प्रभावकारी विधि त त्यो हो जुन बुझ्न, सम्झन र व्यवहारमा उतार्न पनि सजिलो हुन्छ।**



पूर्णाङ्क–२४ : *शिक्षक* मासिक र आइसेट–नेपालको सहकार्यमा प्रकाशित। संयोजकः अजय दीक्षित, कार्यकारी निर्देशक, आइसेट–नेपाल।

यस्ता नियम तीन थरी हुन्छन्: के गर्नु स्वीकार्य हुन्छ (अंग्रेजीमा बाउन्ड्री नियम), के गर्नु महत्त्वपूर्ण छ (प्रायरटाइजिङ नियम) र के गर्दै नगर्ने (नट डुइङ नियम)। पहिलो अर्थात् 'बाउन्ड्री' नियमले एक-अर्कासित सम्बन्ध नभएका विकल्पबाट सही विकल्प छान्न सहयोग गर्छ। उदाहरणका लागि अमेरिकी शहरमा चोरहरू चोरी गर्न जानुअघि घर बाहिर गाडी पार्क गरिएको छ वा छैन हेर्छन्। कार पार्क गरिएको छैन भने मात्र ती चोरी गर्न थाल्छन्। दोस्रो नियमले विभिन्न विकल्पहरूबाट छानेर स्रोत लगानी कहाँ गर्ने निर्णय गर्न सहयोग गर्छ। यो नियमको कार्यान्वयन अघिल्लो भन्दा गाह्रो हुन्छ। यसमा लेखकहरू पाँचौं शताब्दीको रोमन साम्राज्यको उदाहरण दिन्छन्। त्यो साम्राज्यका न्यायाधीशलाई एक-आपसमा बाझिएका विभिन्न कानून र तिनको कानूनी व्याख्या गर्नुपर्ने विवशता थियो। त्यसनिम्ति वकीलहरूलाई उद्धृत गर्ने अर्थात् 'साइटेसन' गर्ने नियम प्रतिपादित गरियो। यो नियमले न्यायाधीशहरूले उपयुक्त कानून वा व्याख्या छान्ने चलन शुरू गऱ्यो। तेस्रो नियम हो, गर्दै गरेको कार्य रोक्नु, जसले एउटै विषय दोहोऱ्याइरहने स्थिति र हरूवा बन्नबाट बचाउँछ। नेपालका चुचुरा चढ्ने पर्वतारोही यस्तो नियम प्रयोग गर्छन्। यदि कुनै समूह पूर्वनिर्धारित समयमा चुचुरामा पुगेन भने ऊ आधार शिविरतर्फ फर्किनुपर्छ।

काम फत्ते गर्नका लागि वा उत्पादकत्व बढाउन खास प्रक्रिया अपनाउनुपर्छ। तसर्थ सजिला नियम बनाउनु महत्त्वपूर्ण कार्य हो। नयाँ सिर्जना गर्ने विधि स्थापित नभएको मुलुकमा नयाँ उत्पादनको डिजाइन गर्ने संस्कार कसरी स्थापना गर्ने? लेखकद्वय दक्षिण अमेरिकी मुलुक चिलीको उदाहरण दिन्छन्। त्यहाँको सरकारले नयाँ उद्यम शुरू गर्ने विदेशी उद्यमीका लागि 'उपयोगी समय नियम' लागू गरेको थियो : विदेशी उद्यमीहरूलाई काम गर्न नि:शुल्क भिसा दिने, दुई महीनापछि तिनको कामको मूल्याङ्कन गर्ने र त्यसको चार महीनापछि तिनले आफ्नो 'प्रस्ताव' सरकारमा प्रस्तुत गर्ने। सजिलै गर्न सकिने यस्ता नियम सिर्जना प्रस्फुटन गराउन सहयोगी हुन्छन्। समयको नियमले कार्यनिर्धारण वा तोकिएको समयभित्रै उद्देश्य हासिल गर्न कहिले के गर्ने भन्ने निर्णय गर्न सहयोग पुग्छ।

एउटै क्रियाकलापमा धेरै पक्ष सहभागी हुँदा विचार बाझिने र द्वन्द्व पनि हुने सम्भावना रहन्छ। त्यस्तो स्थिति सम्हाल्न संयोजनकारी नियम आवश्यक पर्छ। सिर्जनात्मक कार्य शुरू गर्ने समूहहरू त्यस्ता तीनवटा नियम प्रयोग गर्छन्, *एक-अर्कासित नठोक्किने, आफ्नो छिमेकी हिंडेकै बाटोमा हिंड्ने* र *सकेसम्म छिमेकीसित नजिकै रहने*। यस्ता नियमले सुन्दर सिर्जना गरेका थुप्रै उदाहरण छन्। हाम्रा समुदाय र घरपरिवारमा पनि थुप्रै सजिला नियम प्रयोग गर्ने गरिन्छ। यस्ता केही नियम प्राकृतिक छनोटबाट पनि तयार हुन्छन्। यद्यपि यस्ता नियमले कहिलेकाहीं समाजलाई नराम्ररी जकडेर राख्न पनि सक्छ।

**_सिम्पल रुल्स : हाउ टु थ्राइभ इन ए कम्प्लेक्स वर्ल्ड_ ले चुनौती समाधान गर्ने र सफलताको बाटोमा लाग्ने विधिसम्मत व्यावहारिक उपाय प्रस्तुत गरेको छ। व्यवस्थापनका यस्ता विधिहरूको प्रयोग र परिमार्जन नेपालीलाई उन्नतिको बाटोमा लाने एउटा आधार बनाउन सकिन्छ।**

आफ्नो, छिमेकीको वा समुदायको अनुभव लिपिबद्ध गरेर पनि नियम निर्माण गर्न सकिन्छ। टोकियोको बृहत् रेलवे प्रणालीको डिजाइन एउटा खास जीवाणुको व्यवहार सरह गरिएको छ। जीवाणु जस्तै रेल छुट्टाछुट्टै चल्न सक्छन् र आवश्यक परेमा एकैपल्ट पनि। वैज्ञानिक अध्ययन, व्यक्ति र संगठनहरूबीच गरिने लेनदेनको अनुभवबाट पनि नियम तयार हुने गर्छन्।

जेजुइटहरूले जस्तै हरेक संगठनले आफ्नो व्यवस्थापनका निम्ति सजिला नियम तयार गर्न सक्छन्। यस्ता नियम नयाँ संगठन निर्माण गर्न वा संगठनको व्यवस्थापन सुधार्न उपयोगी हुन्छन्। यसका लागि संस्था कसरी चल्नुपर्छ भन्ने प्रश्न उठाउनु जरूरी हुन्छ। उद्देश्य के हो? सोचे जस्तो प्रभाव हासिल गर्न के-कस्ता कार्य आवश्यक छन्? यसो भन्नुको अर्थ हो, संस्थानको कार्यक्षमता र त्यसको नियम बुझ्नु, व्यवधान के हो र कहाँ छ भनेर पहिल्याउनु। गर्नुपर्ने क्रियाकलाप थुप्रै छन् तर स्रोत कम छ भने कार्यमा व्यवधान निस्कन्छन्। यस्तो स्थितिमा रणनीति कसरी सफल बनाउने भन्ने प्रश्नको जवाफ जरूरी हुन्छ। तत्पश्चात् संस्थानका लागि सजिला नियम तयार गर्नुपर्छ। त्यसमा नियमबाट बाँधिने सबै सहभागी हुनु जरूरी पनि। धेरैलाई सजिला नियम संगठनको अगुवाबाट आउँछ भन्ने लाग्छ तर, वास्तवमा यस्तो नीति निर्धारण गर्ने जिम्मा संगठनका सदस्यहरूको हो, त्यो पनि सामूहिक रूपमा।

पुस्तकका पछिल्ला परिच्छेदहरू पुराना नियम बदल्न र नयाँ बनाउन उपयोगी छन्। लेखकद्वयले प्रस्तुत गरेको सूत्र हो– सजिला नियम बनाउने र आवश्यकता अनुसार तिनलाई निरन्तर परिमार्जन गर्ने। पहिलो पटक बनाएको नियम व्यावहारिक नहुन सक्छ। किनभने शुरूमा नियम तयार गर्दा जानकारी र सूचना पर्याप्त हुँदैनन्, त्यस्ता नियमले काम नगर्न सक्छन्। अर्थशास्त्रमा नोबेल पुरस्कार हासिल गरेका ड्यानियल कहनेम्यान यस्तो नियमलाई तत्कालीन सोचको उपज भन्छन्। प्रभावकारी संगठनका सफल व्यवस्थापकहरू अनावश्यक नियम काट्छन् र आवश्यकलाई मात्र निरन्तरता दिन्छन्।

सजिला नियम परिमार्जन गर्न अनुभव र विचार आवश्यक हुन्छ। तर परिमार्जन प्रभावशाली बनाउनु भनेको व्यक्ति वा संगठन दुवै सक्षम बन्नु हो। त्यसका लागि खेलको पुनर्कल्पना गर्दै नयाँ नियम निर्माण गर्नु आवश्यक हुन्छ। पुनर्कल्पनाको क्रममा विद्यमान संस्कार परिवर्तन गर्न चुनौतीपूर्ण हुन्छ। संगठनहरू समयानुकूल रहन सक्नुपर्छ र आफूले गर्दै गरेको खेलका नियम पुनर्कल्पना गर्दै नयाँ नियम लेख्न तयार पनि। नयाँ सजिला नियम बनाउन पुराना नियम भने हटाउनैपर्छ। संगठनभित्र कार्यरत व्यक्ति आफैंले कस्ता नियमले काम गरेको छैन भन्ने छुट्याउनु जरूरी हुन्छ, जुन रणनीति निर्माण गर्ने वा परिमार्जन गर्ने आधार हो।

मुलुकले भोग्दै गरेको सामाजिक, आर्थिक, वातावरणीय र राजनीतिक चुनौतीको उपयुक्त समाधान खोज्नु नेपालको एउटा मुख्य चुनौती हो। नेपालीले विभिन्न स्तरमा समस्या समाधानका आफ्नै नियम बनाएका छन्। अगाडिको चुनौती यस्ता तौरतरिकालाई समाधानका वा नयाँ सिर्जनाका लागि सजिलो नियम बनाउनु हो। हाम्रा काम गर्ने तौरतरिका समस्या केन्द्रित भन्दा बढी भावनाबाट प्रभावित हुन्छन्। *सिम्पल रुल्स : हाउ टु थ्राइभ इन ए कम्प्लेक्स वर्ल्ड* ले चुनौती समाधान गर्ने र सफलताको बाटोमा लाग्ने विधिसम्मत व्यावहारिक उपाय प्रस्तुत गरेको छ। व्यवस्थापनका यस्ता विधिहरूको प्रयोग र परिमार्जन नेपालीलाई उन्नतिको बाटोमा लाने एउटा आधार बनाउन सकिन्छ। 📖

*(दीक्षित फ्लेचर कलेज, यूएसएमा अध्ययनरत छन्।)*

# युद्धको विभीषिका र महिला




पुस्तक : अ थाउजेन्ड स्पेलेन्डिड सन्स
लेखक : खालिद होसेनी
प्रकाशक : रिभरहेड बुक्स, २००७
पृष्ठ : ३८४
ISBN : 978-1-59448-950-1

**समीक्षक : अनुष्ठा श्रेष्ठ**

युद्धका कूटनीति र चलखेलबारे कैयौं पुस्तक लेखिएका छन् । इतिहासको पानामा युद्धलाई वीरताको प्रतीक मानेको पनि पाइन्छ। तर युद्धको वास्तविकतालाई मूल्याङ्कन गर्दै यस्तो मान्यता ठीक हो कि होइन भन्ने निर्क्योल गरिन बाँकी नै छ। युद्धमा मृत्युवरण गर्ने हजारौं जनसाधारणको जीवनलाई बलिदानको रूपमा अर्थ्याइनु उचित हुन्छ ? अरू महिला र बालबालिकाहरूमाथि पर्ने युद्धको नकारात्मक असरलाई कसरी मूल्याङ्कन गर्ने ? यस्ता प्रश्न बारम्बार उठिरहे पनि आजसम्म कुनै ठोस जवाफ आएको छैन, बरु ड्रोनजस्ता अत्याधुनिक प्रविधिको आगमनले युद्धको नैतिकताबारे नयाँ प्रश्नहरू उठेका छन् *(हे., ड्रोन विमानको आगमन र युद्धको नैतिकता, थोमस नागेल, मन्थन/शिक्षक, जेठ २०७३)*।

खालिद होसेनीद्वारा लिखित उपन्यास *अ थाउजेन्ड स्पेलेन्डिड सन्स* मा युद्ध र महिलाबीचको सम्बन्ध मार्मिक रूपमा प्रस्तुत छ। सन् २००० मा प्रकाशित यो उपन्यास पन्ध्र सातासम्म *न्यूयोर्क टाइम्स* को बेस्ट सेलर सूचीमा पहिलो स्थान ओगट्न सफल थियो। अफगानी मूलका होसेनी उपन्यासकार मात्र नभई युनिभर्सिटी अफ क्यालिफोर्नियाबाट डिग्री हासिल गरेका एक कुशल चिकित्सक पनि हुन्। सन् २००३ मा अफगानिस्तानको द्वन्द्वलाई आधार बनाएर उनले आफ्नो पहिलो उपन्यास *द काइट रनर* प्रकाशित गरेका थिए। *द काइट रनर* ले युद्ध र पुरुषको अनुभवलाई समेटेको थियो भने *अ थाउजेन्ड स्पेलिन्डिड सन्स* ले युद्धको सन्दर्भमा महिलाहरूले भोग्ने पीडालाई समेटेको छ।

## युद्धको विस्तृतीकरण

पुस्तकमा सन् १९६० देखि २००० को दशकमा अफगानिस्तानका घटनाक्रम, तत्कालीन सोभियत युनियनको अतिक्रमणले निम्त्याइएको युद्ध, तालिवानको वर्चस्वदेखि संयुक्त राज्य अमेरिकाले तालिवान माथि गरेको आक्रमणसम्मको विस्तृत व्याख्या छ। मरियम र लैला यस उपन्यासका मुख्य पात्र हुन्। कथाको प्रारम्भमा यी दुई महिलाको जीवनशैलीमा आकाश-जमीनको भिन्नता हुन्छ। तर युद्धको चपेटामा परेपछि उनीहरू दुवै एक-अर्काबीच बाँधिन पुग्छन्। मरियमको जीवन बाल्यकालदेखि एकदमै कष्टकर हुन्छ। उनी आफ्नी गरीब, रोगी र अविवाहित आमासँग बस्छिन्, समाजबाट निकै टाढा। बेलाबेला भेटघाट हुने भए पनि बाबुले उनलाई आफ्ना अरू सन्तानसरह स्थान दिँदैनन्। मरियम १५ वर्षकी हुँदा रोगी आमाको पनि मृत्यु हुन्छ। त्यसपछि मरियमको बाबु छोरीको विवाह उनीभन्दा रुन्डै २० वर्ष जेठो रसिद भन्ने जुत्ता व्यापारीसँग गरिदिन्छ। अब मरियम घरबाहिर सधैं बुर्का लगाएर मात्र निस्कन पाउँछिन्। पति रसिदले उनलाई बारम्बार शारीरिक तथा मानसिक यातना दिन्छ। उनी कैयौं पटक गर्भपतनको शिकार हुन्छिन्।

अर्की पात्र लैलाको बाल्यकाल शिक्षित र आधुनिक परिवारमा बित्छ। महत्त्वाकांक्षी लैलालाई उनका पिताले उपलब्धिमूलक कार्य गर्नुपर्छ भन्ने हौसला दिन्छन्। तर एउटा बम आक्रमणमा लैला बाबुआमा समेत आफ्नो सर्वस्व गुमाउँछिन्। टुहुरी लैलालाई छिमेकी रसिद र मरियमले हेरचाह गर्न थाल्छन्। लैला रसिदको दोस्री पत्नी बन्न बाध्य हुन्छिन् र मरियम जस्तै शारीरिक र मानसिक यातनाको शिकार हुन्छिन्। मरियम र लैलाको सम्बन्ध शुरूमा चिसो भए पनि परिस्थितिले ती दुईलाई एक-अर्काको नजिक ल्याउँछ। उनीहरूबीच विश्वासपूर्ण मित्रता मौलाउँछ।

सरल र सटिक उपन्यासको कथावस्तु बुझ्न असहज छैन। पुस्तकले अफगानिस्तानको सामाजिक, राजनीतिक र आर्थिक अवस्थाबारे जानकारी दिन्छ। युद्धले निम्त्याएका हृदयविदारक घटनाहरूको विवरण पढ्दा पाठक भावविह्वल हुन्छन्। अफगान विद्रोही र सोभियत युनियनबीच भएको १० वर्ष लामो युद्धमा अफगानी जनताले धेरै दुःख खप्नुपऱ्यो। कैयौं युवाले अकालमा ज्यान गुमाए, लूटपाट बढ्यो र धेरै महिला बलात्कृत भए। लैलाले आफ्ना बाबुआमा, दुई दाजु र मिल्ने साथी गुमाउनु पऱ्यो। आफ्नो अस्तित्व जोगाउन रसिद जस्तो क्रूर व्यक्तिसँग अनमेल विवाह गर्नुपऱ्यो।

तालिवानले अफगानिस्तानमाथि कब्जा जमाएपछि मुलुकको अवस्था झन् दयनीय बन्न थाल्यो। युद्धको कालखण्ड अगाडि अफगानी महिलाले उल्लेखनीय अधिकार पाएका थिए तर तालिवानको शरिया कानून लागू भएपछि उनीहरूको जीवन कष्टपूर्ण बन्न थाल्यो। महिलाहरू शिक्षा र राजनीतिबाट पूरै वञ्चित भए। उनीहरूलाई घरबाहिर काम गर्न अनुमति भएन। आफूलाई बुर्काले ढाकेर पुरुष नातेदारसँग मात्र उनीहरू घरबाट निस्कन पाउँथे। कानूनको पालना नगरे कोर्रा हान्नेदेखि ढुंगाले हिर्काएर मार्नेसम्मको सजाय दिइन्थ्यो। तालिवानको नियन्त्रणपछि मरियम र लैलाको कठिन जीवन अरू अप्ठेरोमा घचेटियो। उनीहरूसँग केही गर्ने पनि स्वतन्त्रता थिएन र दबिएर बस्नु पऱ्यो। घरबाट एक्लै बाहिर निस्केको अभियोगमा लैलाले कैयौं पटक कोर्रा खानु परेको थियो।

## महिला हिंसा र शून्य मानवता

पुस्तकले महिलामाथि हुने हिंसा बढ्दै जाँदा, अफगानिस्तानमा मानवता शून्य हुन पुगेको हो कि भन्ने आभास दिन्छ। पुस्तकको

**पुस्तकले अफगानिस्तानको सामाजिक, राजनीतिक र आर्थिक अवस्थाबारे जानकारी दिन्छ। युद्धले निम्त्याएका हृदयविदारक घटनाहरूको विवरण पढ्दा पाठक भावविह्वल हुन्छन्।**

**पुस्तकले महिलामाथि हुने हिंसा बढ्दै जाँदा अफगानिस्तानमा मानवता शून्य हुन पुगेको हो कि भन्ने आभास दिन्छ। पुस्तकको विषयवस्तुले पाठकलाई अफगानिस्तानबारे अझ जानकारी लिने इच्छा जगाउँछ।**

विषयवस्तुले पाठकलाई अफगानिस्तानबारे अझ जानकारी लिने इच्छा जगाउँछ। त्यति मात्रै होइन युद्धको असर त्यसको अन्त्य भएको कैयौं वर्षसम्म रहने वास्तविकता पनि खुलाउँछ। युद्धले सामाजिक र आर्थिक विकास पछाडि त पार्छ नै, प्रभावित क्षेत्रका बासिन्दालाई लामो समयसम्म मानसिक तनाव पनि दिइरहन्छ। तालिवान शासनले अफगान महिलाहरूलाई कैदीसरह राखेको थियो। उनीहरू आउने-जाने ठाउँ कतै पनि थिएन। हिजोआज अन्तर्राष्ट्रिय हस्तक्षेपले तालिवानको शक्ति केही क्षय गराएको छ। फलस्वरूप अफगानी महिलाका निम्ति स्कूलहरू पुन: सञ्चालन भएका छन् र उनीहरूले भोट हाल्ने अधिकार पनि पाएका छन्। यद्यपि अहिले पनि अफगानिस्तानका विभिन्न क्षेत्रमा तालिवानको प्रभावले गर्दा कैयौं अफगानी महिलाहरू यस्ता अधिकारबाट वञ्चित नै छन्।

लेखक भन्छन्– युद्ध र तालिवान अतिक्रमण बाहेक अफगानिस्तानको सामाजिक संरचना पनि महिलामाथि विभेदको कारण हो। घरमुली पुरुषले महिलालाई नियन्त्रण गर्छन् र महिलाहरू घरेलु हिंसाको शिकार हुन्छन्। दक्षिण एशियाका अन्य मुलुक जस्तै अफगानिस्तानमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिइन्छ। रसिदले लैलाको पहिलो सन्तान छोरी हुँदा हेलाँको दृष्टिले हेरेका थिए भने छोरालाई आँखाको तारासरह मानेका थिए। बालविवाह र अनमेल विवाह अफगानका गम्भीर सामाजिक कुरीति हुन्। यस्तै कुरीतिका कारण मरियम अनमेल र बालविवाह दुवैको भागिदार हुन पुगिन्। सानै उमेरमा गर्भवती मात्रै होइन उनले बारम्बार गर्भपातको शिकार पनि हुनुपऱ्यो। अफगानिस्तानमा मरियम जस्ता थुप्रै बालिका छन् जो आफ्नो परिवारको इज्जत धान्न गरीबीको कारणले बालविवाह गर्न बाध्य छन्।

## महिला अधिकार

अफगानिस्तानमा महिलाहरूले सन् १९१८ मै भोट हाल्ने अधिकार पाएका थिए। १९६० देखि राजनीतिमा प्रवेश गर्ने अर्थात् उम्मेदवार हुने मौका पनि दिइएको थियो। सन् ७० को दशकमा आइपुग्दासम्म शहरी क्षेत्रमा बस्ने अफगानी महिलाले धेरै स्वतन्त्रता पाइसकेका थिए। उनीहरू पुरुषसरह विश्वविद्यालयमा अध्ययन गर्थे र विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान दिन सफल थिए। उनीहरूले लगाउने पोशाकमा पनि खासै बन्देज थिएन। तर १९७९ को सोभियत अतिक्रमण पछि शुरू भएको राज्य र विद्रोहीबीचको द्वन्द्वसँगै अफगान महिलाहरूले आफ्ना सारा अधिकार गुमाए। युद्ध र गृहयुद्धले त्यस मुलुकलाई थप अँध्यारोतर्फ धकेल्यो। राजनीतिक अवस्था स्थिर भएको भए लैलाजस्ता महिलाहरूले शिक्षाको बाटो लिएर उल्लेखनीय कार्य गर्न सक्थे।

होसेनीले प्रस्तुत गरेको अफगानिस्तानको कथाले केही गम्भीर प्रश्नहरू खडा गर्छ। के युद्ध र द्वन्द्वको बाटो प्रगतिको पथ हो? आफ्नो शक्ति प्राप्तिका लागि हिंसाको बाटो कति उचित हुन्छ? युद्धको समय महिला र बालबालिकाको सुरक्षा कसरी प्रत्याभूत गर्ने? युद्ध पश्चात् महिलाको हकअधिकार सुनिश्चित कसरी राख्ने? विश्वका विभिन्न युद्ध र द्वन्द्वरत कालखण्डमा महिला र बालबालिकाको जीवन कठिन बन्न पुगेका थुप्रै उदाहरण छन्। यौन शोषण र बलात्कार जस्ता घटना बाहेक मानव तस्करी र देहव्यापार जस्ता सामाजिक कुरीतिहरू बढ्दो छन्। युद्धको चपेटा छल्न महिलाहरू खतरनाक यात्रा गर्न बाध्य हुन्छन्। यस्ता परिवारहरूसँग दुईवटा विकल्पहरू हुन्छन्– आफ्नै देशमा बसेर गोली, बम र रसायन आक्रमणको शिकार हुने अथवा जोखिमयुक्त यात्रा गरी सुरक्षित ठाउँमा पुग्ने। युद्धले नागरिकहरूलाई कति लाचार र आशाहीन तुल्याउँछ भन्ने कुरा लेखक होसेनीले अत्यन्त मार्मिक ढंगबाट प्रस्तुत गरेका छन्।

## युद्धको अवशेष

विज्ञान र प्रविधिको ठूलो फड्को वर्तमान युगको वास्तविकता हो। यो प्रविधि युद्धमा भरपुर प्रयोग भएको छ। मानव इतिहासमा युद्ध नभएका होइनन्। तर आधुनिक प्रविधिको आगमन र प्रयोगका कारण हिजोआज हुने युद्ध विगतभन्दा धेरै घातक भएका छन्। विगतमा युद्धहरू जमीन, स्रोत र सीमा रक्षाका लागि हुने गर्थे भने हिजोआज शक्ति प्रदर्शन र विद्रोहीलाई दबाउन गरिन्छ। कारण जेसुकै होस्, आखिर मारमा पर्ने सर्वसाधारण जनता– त्यसमा पनि महिलाहरू हुन पुग्छन्; जसको कुनै दोष हुन्न। ठूलठूला बम प्रहार गरेर समृद्ध मुलुकहरू आफ्नो शक्तिको प्रदर्शन गर्छन् तर त्यसको प्रहारले एकैचोटि धूलो बनेको शहर, घाइते भएकाहरूको कथा हराउँछ, तिनको उद्धार कसले गर्छ भन्ने प्रश्न राजनीतिमा हराउँछ। हामी आफूलाई सभ्य ठान्छौं र ठीक-बेठीक छुट्याउने क्षमता छ भनेर गर्व पनि गर्छौं। तर पनि युद्ध र द्वन्द्वमा आमनागरिक र खासगरी महिला तथा बालबालिकाको अधिकार निरन्तर हनन् हुने गरेको छ।

युद्धजस्ता द्वन्द्वलाई कतिले सकारात्मक रूपमा पनि लिने गरेका छन्। समाजलाई अघि बढाउन युद्ध आवश्यक छ भन्ने विचार प्रकट हुने गरेको पनि पाइन्छ। तर प्रश्न उठ्छ, आफ्नो सिद्धान्तलाई उच्च राख्न हिंसाको बाटोमा लाग्नु सही निर्णय हो? हतियार उठाउने बित्तिकै कैयौं निर्दोष व्यक्तिहरू युद्धको भुमरीमा फस्छन्। युद्धको कारण नै लैलाले आफ्नो सम्पूर्ण परिवार गुमाइन् र विचलित अवस्थामा पुगिन्। लैला उपन्यासकी पात्र हुन् तर युद्धको कारण नजिकको सदस्य गुमाउने लैलाजस्ता लाखौं द्वन्द्वपीडितहरू आजको अफगानिस्तानमा छन्। यसर्थ, हतियार उठाउनुअघि नेतृत्वले युद्धले ल्याउने नतिजाको गहिरो मूल्याङ्कन गर्न सक्नुपर्छ। केही गलत भएको छ भने त्यसको विरुद्ध लड्न सक्नुपर्छ। युद्ध अन्य तरिकाले लड्न पनि सकिन्छ। शान्तिपूर्ण लडाइँहरू आफैंमा कम प्रभावकारी भएका छैनन्। तसर्थ युद्धको सट्टा वैकल्पिक बाटो रोजेर राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सकारात्मक परिवर्तन ल्याउन सक्नु आजको खाँचो भएको छ।

## अन्त्यमा

माओवादी द्वन्द्वको कालखण्डमा धेरै नेपालीले पीडा खपेका थिए, डर र त्रासले जीवन त्राहित्राहि बनेको थियो। थुप्रै युवाले ज्यान गुमाए, कति विदेश पलायन भए। घरका पुरुष सदस्यको मृत्यु र पलायनपछि महिलाहरूको काँधमा धेरै जिम्मेवारी थपियो। कलिलो उमेरमा लडाकू भएकाहरूले शिक्षा पूरा गर्न पाएनन्। हिंसात्मक द्वन्द्वको समाप्तिपछि नेपालले केही प्राप्त गऱ्यो तर गुमाएका विषयहरू बिर्सन गाह्रो छ। लेखक होसेनीले उपन्यासको माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै कसैगरी पनि मानवअधिकार हरिनुहुँदैन भन्ने पैरवी गरेका छन्।

*(श्रेष्ठ वातावरण विज्ञान विषयकी अध्येता हुन्।)*

# जलवायु परिवर्तन अनुकूलनको समाजशास्त्र




| | | |
|---|---|---|
| पुस्तक | : | एडाप्टेसन टु क्लाइमेट चेन्ज फ्रम रिजिलियन्स टु ट्रान्सफरमेसन |
| लेखक | : | मार्क पेलिङ |
| प्रकाशक | : | राउटलेज, २०११ |
| पृष्ठ | : | २८० |
| मूल्य | : | २६.९६ £ |
| ISBN | : | 978-0-415-47751-2 |

**समीक्षक : आशुतोष शुक्ला**

भूगोलविद् मार्क पेलिङ, किङ्स कलेज लण्डनका प्राध्यापक हुन्। प्रा. पेलिङले विपत्को जोखिम न्यूनीकरण र विपत् व्यवस्थापनका विषय समेटेर एकपछि अर्को पुस्तक लेखेका छन्। *एडाप्टेसन टु क्लाइमेट चेन्ज फ्रम रिजिलियन्स टु ट्रान्सफरमेसन* सोही शृंखलाको एउटा पुस्तक हो। यो पुस्तक जलवायु परिवर्तनका जोखिम न्यूनीकरण र अनुकूलनको विषयमा केन्द्रित छ। जलवायु परिवर्तन अनुकूलनको समाजशास्त्रीय विश्लेषण पुस्तकको मुख्य विषय हो। भौतिक, आर्थिक र सामाजिक विकासका क्षेत्रमा जलवायु परिवर्तनको प्रभावको विश्लेषण गर्दै उत्थानशील समुदाय निर्माणको बाटोमा लागेका वा त्यसमा चासो राख्ने सबैलाई पुस्तक उपयोगी छ।

प्रस्तुत पुस्तकका चार खण्ड र नौ अध्यायमध्ये पहिलो खण्डले जलवायु परिवर्तन अनुकूलन (एडप्टेसन) र उत्थानशीलता (रिजिलियन्स) को अन्तर सम्बन्धको सैद्धान्तिक व्याख्या गरेको छ भने दोस्रो खण्डमा उत्थानशीलता संयोजन र रूपान्तरणको मार्गचित्र प्रस्तुत गरिएको छ। तेस्रो खण्डमा जलवायु परिवर्तनसँगै जीवन निर्वाह गर्ने बाटा, विधि र प्रक्रियाहरूको व्याख्या समेटिएको छ। अन्तिम खण्डमा, जलवायु परिवर्तनसँग अनुकूलन रहने उपायहरूबीच तालमेल हुन नसक्दा विभिन्न क्षेत्र र जनजीविकामा पार्ने प्रभावका उदाहरण समावेश गरिएका छन्।

लेखक पेलिङले अनपेक्षित अनुकूलनको उदाहरण दिँदै त्यसको प्रभावकारी विश्लेषण र व्याख्या गरेका छन्। उनी भन्छन्, 'जलवायु परिवर्तनसित अनुकूलन रहने अभ्यासलाई समुदायविशेषका तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक प्रक्रियाहरूले निर्देशित गर्दछन्। यस्ता अभ्यासको निरन्तरता र तिनको समसामयिक परिमार्जनले सम्भावित जोखिम न्यूनीकरण गरी समाजलाई उत्थानशीलताको बाटोतर्फ लैजान्छ। अनुकूलनका प्रयासबाट समुदायलाई उत्थानशील बनाउने तीनवटा मार्ग हुन सक्छन्– पहिलो, अनुकूलनका अभ्यासबाट जनजीविकामा आउन सक्ने ह्रासलाई रोक्दै यथावस्थाको निरन्तरता सुनिश्चित गर्नु। दोस्रो, क्रमिक परिवर्तनको बाटो लिँदै पहिलेको भन्दा सबल स्थितिको निर्माण गर्नु। र, तेस्रो बाटो हो आमूल परिवर्तनद्वारा रूपान्तरित चरित्रको निर्माण गर्नु। यीमध्ये दोस्रो बाटो बढी व्यावहारिक र युक्तिसंगत हुन सक्छ।

पहिलो खण्डको पहिलो अध्यायमा, 'अनुकूलनको सन्दर्भ' शीर्षकअन्तर्गत जलवायु परिवर्तनसँग सम्बन्धित नीति-निर्माण र अनुकूलनका अवधारणाको कसरी विकास भयो भन्ने सैद्धान्तिक व्याख्या समेटिएको छ। दोस्रो, अध्यायमा लेखक अनुकूलसित सम्बन्धित धारणाको सूक्ष्म एवं प्रभावकारी व्याख्या गर्छन्। यी दुवै अध्यायले जलवायु परिवर्तन अनुकूलन, अनुकूलित व्यवस्थापन र उत्थानशीलतासँग सम्बन्धित शब्दावलीहरूको स्पष्ट परिभाषा प्रस्तुत गरेका छन् जसबाट अनुकूलन र जलवायु परिवर्तनबीचको भिन्नता र अन्तरसम्बन्ध स्पष्ट बुझ्न मद्दत पुग्छ। यी दुवै अध्याय; जलवायु परिवर्तन अनुकूलनका क्षेत्रका अध्येता, विद्यार्थी, विकासकर्मी र सामाजिक अभियन्ताहरूका लागि विशेष उपयोगी छन्।

दोस्रो खण्डका तीनवटा अध्यायमा विगतका अभ्यासहरूको समीक्षा; निरन्तर अनुकूलन, क्रमिक परिवर्तन र रूपान्तरणको चरित्र तथा व्याख्या समेटिएको छ। अनुकूलन उत्थानशीलतामा रूपान्तरित हुनका लागि संगठनात्मक संरचना प्रस्थानविन्दु हुने लेखकको धारणा रहेको छ। सम्भावित जोखिमहरूको पहिचान गर्दै अनुकूलनका अभ्यासहरूको निरन्तरताका साथै यी अभ्यासहरू कार्यान्वयन गर्न नियमन प्रक्रियाहरूमा समसामयिक सुधार हुनुपर्दछ।

प्रा. पेलिङले समुदायको जोखिम सामीप्यता, सुरक्षा र सहकार्यका लागि गरिने अनुबन्ध रूपान्तरणको उत्प्रेरक हुने प्रस्ताव गरेका छन्। विपत्को धक्कालाई उनी समुदायले आफैंलाई रूपान्तरण गर्ने विन्दुका रूपमा लिन्छन्। रूपान्तरणको प्रक्रिया बुझाउन लेखकले विभिन्न सन्दर्भ, समुदायको अवस्था र घटनाक्रमलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन्।

विश्वको विभिन्न भू-भागमा विगतमा घटेका विपत्का घटनाहरूको विश्लेषणपछि जलवायु परिवर्तन र विपत् जोखिम न्यूनीकरणका विधि र प्रक्रियाहरू परिवार, समुदाय, क्षेत्र र समग्र राष्ट्रमा आएको सकारात्मक सोचबाट शुरू हुने गर्छ। विपत्का घटनालाई सुरक्षित भविष्यतर्फ जाने अवसरका रूपमा पनि बुझ्न सकिन्छ। सन् १९७० मा बङ्गलादेशमा आएको 'भोला' नामक समुद्री आँधी, १९९८ मा आएको निकारागुवाको आँधीबेहरी र २००५ मा संयुक्त राज्य अमेरिकाको न्यू आर्लियन्स राज्यमा आएको 'कटरिना' आँधीले गरेको व्यापक क्षतिलाई लिन सकिन्छ। यी विपत् पश्चात् ती ठाउँहरूमा विपत् न्यूनीकरणका लागि शुरू गरिएका नयाँ प्रयासहरूले स्थानीय जीवनयापन सुरक्षाको प्रत्याभूत गरेको थियो। यी सकारात्मक परिवर्तनको उदाहरणका पाठ हुन्।

पुस्तकको तेस्रो खण्डमा लेखकले जलवायु परिवर्तनका सन्दर्भमा 'अनुकूलन (एडप्टेसन) भनेको के हो ?' भन्ने प्रश्नको

**नेपालको संविधानमा स्थानीय स्तरको विकासका लागि स्थानीय तहको जिम्मेवारी तोकिएको हुँदा सो प्रयासमा जलवायु परिवर्तन अनुकूलन र विपत् जोखिम न्यूनीकरण समायोजन हुनुपर्ने तर्क पेलिङको पुस्तकले दिने एउटा सन्देश हो।**

व्याख्या प्रस्तुत गरेका छन् । यस खण्डका तीनवटै अध्यायमा अनुकूलनको अवधारणालाई क्रमैसँग– संगठनात्मक ढाँचाभित्र अनुकूलनका उपायहरूको एकीकरण; प्रकोप जोखिम प्रबन्धनका लागि प्रशासनिक व्यवस्था र प्रकोप जोखिम प्रबन्धनका लागि राष्ट्रिय स्तरको राजनीतिक सोच एवं नीतिनिर्माणको आवश्यकताका सम्बन्धमा प्रकाश पारिएको छ ।

जलवायु परिवर्तनका प्रभावसित अनुकूलन रहनुभन्दा जलवायु परिवर्तन सापेक्ष अनुकूलन उचित हुने पेलिङको तर्क छ। विश्वस्तरमै भएका अध्ययन र अनुसन्धानहरूले यस्तै असर पार्छ भन्ने प्रष्ट गर्न सक्दैनन् । कारक र असरहरूको व्याख्या हुन नसक्दा भविष्यमा जलवायु परिवर्तनका असरहरू के-कसरी देखिएलान्? भन्नेबारे यकिन हुन सकिएको छैन। लेखक भन्छन्, 'जलवायु परिवर्तनसँगै अनुकूलनका विधि र प्रक्रियाहरू परिवर्तन गर्न सकिने बाटो उपयुक्त हुन्छ।' कुनै भौगोलिक क्षेत्रमा, स्रोत व्यवस्थापन, पूर्वाधार वा जनजीविकासँग सम्बन्धित विभिन्न पक्षहरू चल्दै गरेका हुन्छन् । तसर्थ, अनुकूलन बहुआयामिक, बहुक्षेत्रीय र बहुविधागत अवधारणा र निरन्तर अभ्यास हो भन्ने बुझ्नु जरूरी हुन्छ भन्ने लेखकको तर्क छ ।

नेपालमा भौगोलिक, भौगर्भिक र जलवायुजन्य प्रकोपले विपत्का घटनाहरू निरन्तर ल्याउने गर्छन् । यस्ता विपत्ले जनधनको क्षति बढ्दै गएको सन्दर्भमा उत्थानशील विकासको अवधारणा अगाडि बढाउनु उपयोगी छ । केन्द्रीय तथ्याङ्क विभागले हालसालै (वि.सं. २०७३/७४) नेपालमा जलवायु परिवर्तनका विभिन्न पक्षसित सम्बन्धित सर्वेक्षण गरेको छ। सो सर्वेक्षणले जलवायु परिवर्तनले गर्दा जनजीवन र जनजीविकामा नकारात्मक प्रभाव परिरहेको देखाएको छ । तथ्याङ्कले विभिन्न क्षेत्रका बासिन्दा र समुदायहरूमा जलवायु परिवर्तनको असर बहुआयामिक भएको र त्यो क्रमिक रूपले बढ्दै गएको प्रष्ट पारेको छ ।

जलवायु परिवर्तनका असर बढ्दै गएको सन्दर्भमा अब के गर्ने त भन्ने स्वाभाविक प्रश्न उठ्छ । जलवायु परिवर्तनबाट परेको असरको वास्तविकतालाई ध्यानमा राख्दै स्थानीय विकासका योजनाको तर्जुमा र तिनको कार्यान्वयनमा अनुकूलन र विपत् जोखिम न्यूनीकरणका उपायहरू समायोजन गर्नु जरूरी हुन्छ । संघीय संरचनाको मर्म र भावनाअनुरूप नेपालको संविधानमा स्थानीयस्तरको विकासका लागि स्थानीय तहको जिम्मेवारी तोकिएको हुँदा सो प्रयासमा जलवायु परिवर्तन अनुकूलन र विपत् जोखिम न्यूनीकरण समायोजन हुनुपर्ने तर्क पेलिङको पुस्तकले दिने एउटा सन्देश हो ।

*(शुक्ला जल व्यवस्थापनका अध्येता हुन् ।)*


# लोकसेवा आयोगको अग्रगामी सोच
# आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट
# योग्यतम व्यक्तिको छनौट

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**